चित्रहरूले कथा भन्छन्। यो सत्रमा तपाईंले चित्रको आधारमा कथाको अनुमान लगाउनुहुनेछ र त्यसपछि समूहमा एकसाथ कथा पढ्नुहुनेछ।

## पाठकहरूको निम्ति:

१. पुस्तकालयमा गएर एउटा पुस्तक छान्नुहोस्।
पुस्तकको अगाडिको गाता हेर्नुहोस्।
तपाईंको विचारमा के हुन्छ होला?
समूहमा आफ्नो विचार बाँड्नुहोस्।

विद्यार्थीहरूलाई छोटो पुस्तक छान्न लगाउनुहोस् ताकि उक्त कथा सोही सत्रमा पढ्न सकियोस्।

२. समूहमा पालैपालो एक-एक वाक्य ठुलो स्वरमा पढ्नुहोस्।

३. कथामा के भयो?
तपाईंका अनुमानहरू सही भए?
तपाईंका विचारहरू समूहमा बाँड्नुहोस्

विद्यार्थीहरूलाई तिनीहरूले पढेको कुराको सारांश भन्न प्रोत्साहन दिनुहोस् र क्रियाकलाप १ मा तिनीहरूले राखेको विचारसँग तुलना गर्न लगाउनुहोस्।

---

## गैर-पाठकहरूको निम्ति:

नपढ्नेहरूको निम्ति यी क्रियाकलापहरू ठूलो स्वरमा पढिदिनुहोस्।

१. पुस्तकालयमा गएर एउटा पुस्तक छान्नुहोस्।
समूहमा, चित्र हेरेर कथामा के हुन्छ भनेर अनुमान गर्नुहोस्।
पढाइ च्याम्पियनले तपाईंको निम्ति पुस्तक पढिदिनुहुन्छ।
के तपाईंका अनुमानहरू सही थिए?

२. तस्विर भएको अर्को पुस्तक छान्नुहोस्
यो समय, पुस्तकमा हेर्नुहोस् र पालैपालो तपाईंले चिन्ने शब्दहरू देखाउनुहोस् र ठूलो स्वरमा पढ्नुहोस्।
के यी शब्दहरूको प्रयोग गरेर समूहमा कथा बनाउन सक्नुहुन्छ?
अरू शब्दहरू के हुनसक्छन् अनुमान लगाउन सक्नुहुन्छ?
पढाइ च्याम्पियनले तपाईंको निम्ति पुस्तक पढिदिनुहुन्छ।

यदि तपाईंको समूहलाई शब्द चिन्न कठिन भइरहेको छ भने, अर्को पुस्तक लिनुहोस् र क्रियाकलाप १ दोहोऱ्याउनुहोस्।

३. दुईओटा कथामध्ये कुनै कथाको तपाईंलाई मन पर्ने कथाको भागको चित्र बनाउनुहोस्।


Published by
Elektra Media Ltd

Istambha Nepal